## नेपाल सरकार
## शिक्षक सेवा आयोग
## सानोठिमी, भक्तपुर

**आन्तरिक प्रतियोगितात्मक परीक्षाको आधारमा गरिने (२५ प्रतिशत) शिक्षक बढुवाको विज्ञापन-२०८१**

**(प्रथम पटक प्रकाशित मिति: २०८१।०४।३२)**

नेपालभर सञ्चालमा रहेका सामुदायिक विद्यालयहरूमा देहायका जिल्ला, तह र श्रेणीमा रिक्त रहेका शिक्षक पदहरूमा आन्तरिक प्रतियोगितात्मक परीक्षाको आधारमा बढुवाद्वारा पदपूर्ति गर्नुपर्ने भएकोले शिक्षक सेवा आयोग नियमावली (संशोधनसहित), २०५७ को नियम २७ बमोजिम बढुवाको लागि सम्भाव्य उम्मेदवारहरुले आयोगको आधिकारिक अनलाइन दरखास्त प्रणाली https://online.tsc.gov.np/ मार्फत् अनलाइन दरखास्त दिनुहुन यो विज्ञापन प्रकाशित गरिएको छ। अनलाइन दरखास्तमा आवेदन गर्दा व्यक्तिगत विवरण एवम् पेस गरेका कागजातहरु रूजु गरी दस्तुर बुझाई सकेपछि परिमार्जन/संशोधन तथा थपघट गर्न नसकिने र **आवेदनकले राजस्व व्यवस्थापन सूचना प्रणालीबाट सिर्जित सिङ्गल वा दोब्वर दस्तुरको भौचर प्रिन्ट पश्चात् तोकिए कै मितिभित्र दस्तुर बुझाउनुपर्नेछ। यसरी तोकिएको समयभित्र दस्तुर भुक्तानी नगरेको अवस्थामा त्यस्ता दरखास्त फाराम अनलाइन प्रणालीबाटै स्वत: *Reject* हुने व्यहोरा समेत सूचित गरिन्छ।** व्यक्तिगत विवरण र पेस गर्नुपर्ने कागजातहरु सुनिश्चित गरेर मात्र अनलाइन दरखास्त पेश गर्नुपर्नेछ। उम्मेदवारले पेश गरेका कुनै पनि प्रमाणपत्रहरू रुजू गर्ने क्रममा यस परीक्षाको नतिजा प्रकाशनका बखतसम्म पनि फरक परेमा वा अन्यथा पाइएमा आयोगबाट त्यस्ता दरखास्त रद्द गरिनेछ।

| क.सं. | जिल्ला | वि.नं. ७/८१/८२ प्राथमिक द्वितीय पदसङ्ख्या | वि.नं. ८/८१/८२ प्राथमिक प्रथम पदसङ्ख्या | वि.नं. ९/८१/८२ नि.मा. द्वितीय पदसङ्ख्या | वि.नं. १०/८१/८२ नि.मा. प्रथम पदसङ्ख्या | वि.नं. ११/८१/८२ मा. द्वितीय पदसङ्ख्या | वि.नं. १२/८१/८२ मा. प्रथम पदसङ्ख्या |
|---|---|---|---|---|---|---|---|
| १ | ताप्लेजुङ्ग | 1 | 0 | 0 | 1 | 0 | 0 |
| २ | पाँचथर | 6 | 2 | 1 | 1 | 1 | 0 |
| ३ | इलाम | 4 | 1 | 1 | 0 | 1 | 0 |
| ४ | झापा | 16 | 2 | 1 | 1 | 0 | 0 |
| ५ | संखुवासभा | 6 | 1 | 1 | 0 | 2 | 1 |
| ६ | तेह्रथुम | 2 | 1 | 1 | 0 | 1 | 0 |
| ७ | धनकुटा | 7 | 1 | 1 | 0 | 1 | 0 |
| ८ | भोजपुर | 6 | 1 | 1 | 0 | 1 | 1 |
| ९ | मोरङ | 2 | 1 | 0 | 1 | 2 | 0 |
| १० | सुनसरी | 5 | 1 | 1 | 0 | 1 | 0 |
| ११ | सोलुखुम्बु | 6 | 0 | 1 | 1 | 1 | 0 |
| १२ | खोटाङ | 9 | 2 | 1 | 0 | 0 | 1 |
| १३ | ओखलढुंगा | 12 | 1 | 3 | 0 | 1 | 0 |
| १४ | उदयपुर | 2 | 0 | 0 | 0 | 1 | 0 |
| १५ | सप्तरी | 3 | 1 | 0 | 0 | 0 | 0 |
| १६ | सिराहा | 3 | 1 | 0 | 0 | 1 | 0 |
| १७ | दोलखा | 4 | 0 | 0 | 0 | 1 | 0 |
| १८ | रामेछाप | 5 | 1 | 1 | 0 | 0 | 1 |
| १९ | सिन्धुली | 5 | 1 | 1 | 0 | 0 | 0 |
| २० | धनुषा | 4 | 1 | 1 | 0 | 0 | 0 |
| २१ | महोत्तरी | 1 | 1 | 1 | 0 | 2 | 0 |
| २२ | सर्लाही | 2 | 2 | 1 | 1 | 1 | 1 |
| २३ | सिन्धुपाल्चोक | 5 | 1 | 1 | 0 | 0 | 0 |
| २४ | रसुवा | 2 | 0 | 0 | 0 | 1 | 0 |
| २५ | नुवाकोट | 7 | 0 | 0 | 0 | 1 | 0 |
| २६ | धादिङ | 12 | 2 | 2 | 1 | 1 | 0 |
| २७ | काभ्रेपलाङचोक | 6 | 3 | 3 | 1 | 5 | 1 |
| २८ | भक्तपुर | 0 | 1 | 1 | 1 | 0 | 0 |
| २९ | काठमाडौं | 11 | 0 | 4 | 0 | 3 | 1 |
| ३० | ललितपुर | 5 | 1 | 1 | 0 | 3 | 0 |
| ३१ | मकवानपुर | 5 | 1 | 1 | 1 | 1 | 0 |
| ३२ | चितवन | 6 | 1 | 1 | 0 | 2 | 0 |
| ३३ | रौतहट | 3 | 1 | 1 | 0 | 1 | 0 |
| ३४ | बारा | 3 | 1 | 1 | 1 | 1 | 0 |
| ३५ | पर्सा | 4 | 1 | 1 | 0 | 2 | 0 |
| ३६ | गोरखा | 9 | 2 | 1 | 1 | 2 | 1 |
| ३७ | मनाङ | 0 | 0 | 0 | 0 | 0 | 0 |
| ३८ | लमजुङ | 0 | 2 | 1 | 0 | 2 | 0 |
| ३९ | कास्की | 3 | 2 | 0 | 0 | 4 | 0 |
| ४० | तनहुँ | 7 | 1 | 1 | 0 | 1 | 1 |
| ४१ | स्याङ्जा | 14 | 2 | 4 | 1 | 3 | 0 |
| ४२ | नवलपरासी | 9 | 1 | 3 | 1 | 1 | 0 |
| ४३ | पाल्पा | 17 | 4 | 4 | 0 | 2 | 1 |
| ४४ | गुल्मी | 12 | 2 | 2 | 0 | 2 | 0 |
| ४५ | अर्घाखाँची | 5 | 1 | 1 | 0 | 2 | 1 |
| ४६ | रूपन्देही | 8 | 1 | 1 | 0 | 1 | 0 |
| ४७ | कपिलवस्तु | 2 | 2 | 0 | 1 | 1 | 0 |
| ४८ | मुस्ताङ | 1 | 0 | 1 | 0 | 1 | 0 |
| ४९ | म्याग्दी | 4 | 1 | 1 | 0 | 2 | 0 |
| ५० | बाग्लुङ | 13 | 3 | 2 | 0 | 1 | 0 |
| ५१ | पर्वत | 8 | 1 | 1 | 0 | 2 | 0 |
| ५२ | रूकुम | 6 | 1 | 1 | 0 | 0 | 0 |
| ५३ | रोल्पा | 5 | 1 | 1 | 0 | 0 | 0 |
| ५४ | सल्यान | 3 | 1 | 1 | 0 | 1 | 0 |
| ५५ | प्यूठान | 4 | 0 | 3 | 0 | 1 | 0 |
| ५६ | दाङ | 6 | 1 | 1 | 0 | 0 | 0 |
| ५७ | हुम्ला | 1 | 0 | 0 | 1 | 0 | 0 |
| ५८ | मुगु | 1 | 1 | 1 | 0 | 0 | 0 |
| ५९ | डोल्पा | 0 | 0 | 1 | 0 | 1 | 0 |
| ६० | कालिकोट | 3 | 1 | 1 | 0 | 0 | 0 |
| ६१ | जुम्ला | 4 | 0 | 1 | 0 | 1 | 0 |
| ६२ | जाजरकोट | 1 | 1 | 1 | 0 | 0 | 0 |
| ६३ | दैलेख | 4 | 0 | 1 | 0 | 0 | 0 |
| ६४ | सुर्खेत | 3 | 1 | 1 | 0 | 1 | 0 |
| ६५ | वाँके | 4 | 1 | 0 | 1 | 1 | 1 |
| ६६ | वर्दिया | 3 | 1 | 2 | 1 | 2 | 1 |
| ६७ | वाजुरा | 0 | 1 | 1 | 0 | 1 | 0 |
| ६८ | बझाङ | 1 | 1 | 0 | 0 | 1 | 0 |
| ६९ | अछाम | 2 | 1 | 0 | 0 | 1 | 0 |
| ७० | डोटी | 3 | 0 | 0 | 0 | 1 | 0 |
| ७१ | कैलाली | 4 | 1 | 1 | 0 | 0 | 0 |
| ७२ | दार्चुला | 5 | 0 | 0 | 0 | 1 | 0 |
| ७३ | वैतडी | 4 | 1 | 0 | 1 | 1 | 1 |
| ७४ | डडेल्धुरा | 2 | 0 | 0 | 0 | 0 | 0 |
| ७५ | कङचनपुर | 1 | 2 | 1 | 0 | 1 | 0 |
| ७६ | नवलपरासी पूर्व | 26 | 1 | 1 | 0 | 1 | 0 |
| ७७ | रूकुम पूर्व | 2 | 0 | 0 | 0 | 0 | 0 |
| कुल जम्मा | | **390** | **78** | **78** | **19** | **82** | **14** |



नेपाल सरकार
शिक्षक सेवा आयोग
सानो ठिमी, भक्तपुर

उप-सचिव

**१. परीक्षाको किसिम** (क) लिखित

(ख) अन्तर्वार्ता

**२. परीक्षा सञ्चालन**

(क) **लिखित परीक्षा सञ्चालन हुने मिति र समय:** २०८१।०८।०१ गते बिहान ११:०० बजे

(ख) **अन्तर्वार्ता हुने मिति, समय र स्थान :** लिखित परीक्षाको नतिजा प्रकाशन हुँदा तोकिनेछ।

**३. परीक्षा केन्द्र:** प्रदेश राजधानी रहेका जिल्लाहरू।

**४. दरखास्त दस्तुर**

| क्र.सं. | तह | परीक्षा दस्तुर(रू.) | |
|---|---|---|---|
| | | प्रथम श्रेणी | द्वितीय श्रेणी |
| १. | प्राथमिक | १०००/- | ७००/- |
| २. | निम्न माध्यमिक | १२००/- | १०००/- |
| ३. | माध्यमिक | १५००/- | १२००/- |

**५. दरखास्त दिने अन्तिम मिति** २०८१।०५।३० गते।

**६. दोब्बर दस्तुर बुझाई दरखास्त दिने मिति** २०८१।०६।०६ गतेसम्म।

**७. दरखास्तको माध्यम**

विज्ञापन भएको तहमा अनलाइन दरखास्त प्रणाली मार्फत दरखास्त दिनुपर्नेछ ।आयोगको आधिकारिक वेबसाइट https:/online.tsc.gov.np/मा Click गरी अनलाइन दरखास्त प्रणालीमार्फत् दरखास्त पेस गर्न सकिनेछ र दरखास्त पेस गर्ने विधि सम्बन्धी विस्तृत जानकारी आयोगको Online TSC Portal मा रहेको प्रयोगकर्ता पुस्तिकामा हेर्न सकिनेछ।

**८. दरखास्त दस्तुर बुझाउने बैंक र विधि**

आयोगको अनलाइन पोर्टलबाट फाराम भरी submit गर्नुपर्नेछ। फाराम submit गर्नुपूर्व आफूले भरेको विवरण छुटेको वा कुनै कागजात समावेश हुन छुट भए नभएको यकिन गर्ने। यकिन गरिसकेपछि "दरखास्त पेश गरेको विवरण" मा Click गर्ने। दरखास्त दस्तुर भुक्तानी भएपछि निवेदकको कुनै पनि विवरण परिवर्तन गर्न नसकिने हुँदा आफ्नो सबै विवरण ठीक भएको यकिन गर्ने। त्यसपछि दस्तुर बुझाउनका लागि "यहाँ क्लिक गर्नुहोस्" मा Click गर्ने। बैंक Option मा "राष्ट्रिय बाणिज्य बैंक" वा "नेपाल बैंक लिमिटेड" मध्ये कुनै एक Option छनोट गर्ने।

बैंक छनोट पश्चात् "भौचर प्राप्त गर्नुहोस" मा Click गर्ने। भौचर Generate भएपछि उक्त भौचर प्रिन्ट गरी तोकिएको समयभित्र सम्बन्धित बैंकमा गई तोकिएको रकम बुझाउनु पर्नेछ। Online payment गर्नेको हकमा भौचर Generate भएपछि त्यसै पेजमा रहेको "अनलाइन भुक्तानी गर्नुहोस्" Button मा Click गर्ने। त्यसपछि online भौचर Generate हुनेछ र रकम भुक्तानी गर्न Connect IPS, E-Sewa , Khalti र IME Pay विकल्पहरु आउनेछन्। त्यसपछि Connect IPS, E-Sewa , Khalti र IME Pay मध्ये कुनै एक विकल्पमा Click गर्ने। तत्पश्चात् "रकम भुक्तानी गर्नुहोस्" मा Click गर्ने। त्यसपछि छनोट गरिएको विकल्पमा Username and password राखी Online Payment मा आफ्नो नामसहितको विवरण मिलेमा तोकिएको रकम (तोकिएको मिति बमोजिमको सिङ्गल वा दोब्बर दस्तुर) दाखिला गर्ने। रकम दाखिला भए नभएको यकिन भएपछि मात्र आफ्नो निवेदन दाखिला भयो भनी सुनिश्चित हुने। प्रवेशपत्र हेर्न र प्रिन्ट गर्नका लागि दरखास्त दिने म्याद समाप्त भएपछि आयोगले सूचना प्रकाशन गर्नेछ। यसका लागि आफ्नो इमेल, उम्मेदवार सङ्केत नम्बर र पासवर्ड सुरक्षित साथ राख्नुपर्नेछ।

**९. दरखास्त दस्तुर बुझाउने अवधि**

दरखास्त दिने अन्तिम मिति २०८१/०५/३० गते राति १२: ०० बजेभित्र राजश्व सूचना प्रणालीबाट सृजित भौचर प्रिन्ट गरी सो को भोलिपल्ट मिति २०८१/०५/३१ गते बैंकिङ्ग कारोवार हुने समयभित्र भौचरमा उल्लिखित दस्तुर अनिवार्य रुपमा बुझाउनु पर्नेछ। दोब्बर दस्तुर तिरी दरखास्त पेश गर्नेको हकमा मिति २०८१/०६/०६ गते राति १२:०० बजेभित्र राजश्व सूचना प्रणालीबाट सृजित भौचर प्रिन्ट गरी सो को भोलिपल्ट मिति २०८१/०६/०७ गते बैकिङ्ग कारोवार हुने समयभित्र भौचरमा उल्लिखित दस्तुर अनिवार्य रुपमा बुझाई सक्नुपर्नेछ। तर उक्त मिति २०८१/०५/३१ गते वा मिति २०८१/०६/०७ गते सार्वजनिक बिदा परेमा सो को लगत्तै कार्यालय खुलेको दिन बुझाउन सकिनेछ।

**१०. उम्मेदवारमा हुनुपर्ने आवश्यक न्यूनतम योग्यता**

मिति २०८० चैत्र मसान्तसम्म हाल कार्यरत तहको श्रेणीमा पाँच शैक्षिक सत्रको नोकरी अवधि पूरा गरेको स्थायी शिक्षक हुनुपर्ने छ। तर देहायको अवस्थामा कुनै पनि शिक्षक बढुवाक लागि उम्मेदवार हुन पाउने छैन।

(क) निलम्बन भएकोमा निलम्बन भएको अवधिभर,

(ख) बढुवा रोक्का गरिएकोमा रोक्का भएको अवधिभर,

(ग) तल्लो पदमा घटुवा गरिएकोमा घटुवा भएको मितिले दुई वर्षसम्म,

(घ) तलव वृध्दि (ग्रेड) रोक्का भएकोमा रोक्का भएको मितिले एक वर्षसम्म

तर गयल भएको वा असाधारण बिदा लिएको भए सो अवधि कट्टा गरी कम्तिमा पाँ शैक्षिक सत्र पूरा भएको हुनु पर्नेछ।

**११. दरखास्त साथ अनिवार्य रूपमा संलग्न हुनुपर्ने प्रमाणित कागजातहरू**

(क) नागरिकताको प्रमाणपत्रको प्रतिलिपि।

(ख) हाल कार्यरत तहको लागि तोकिएको न्यूनतम शैक्षिक योग्यताको लब्धाङ्कप (ट्रान्सक्रिप्ट) र प्रमाणपत्रको प्रतिलिपि।

(ग) तोकिएको न्यूनतम योग्यता भन्दा एक तह माथिल्लो तहको शैक्षिक योग्यता हासिल गरेक भए लब्धाङ्कपत्र (ट्रान्सक्रिप्ट) र प्रमाणपत्रहरूका प्रतिलिपि।

(घ) विदेशी शिक्षण संस्थाबाट प्राप्त गरेको शैक्षिक योग्यताको हकमा समकक्षता प्रमाणपत्रक प्रतिलिपि।

(ङ) स्थायी नियुक्तिपत्रको प्रतिलिपि।

(च) अध्यापन अनुमतिपत्रको प्रतिलिपि।

(छ) बढुवा भएको भए बढुवा नियुक्तिपत्रको प्रतिलिपि।

(ज) सम्बन्धित तह र श्रेणीमा सेवा गरेको, गयल भएको वा असाधारण विदा वा वेतलवी विद लिए/नलिएको, बढुवाको सम्भाव्य उम्मेदवार हुन असर पर्ने कुनै कारवाही नभएको व्यहोर सम्बन्धी यस आयोगको वेवसाइटमा रहेको शिक्षण अनुभव/सेवा प्रमाणित फाराममा सम्बन्धित शिक्षा विकास तथा समन्वय इकाइबाट प्रमाणित पत्र।

(झ) १० महिने तालिमको प्रमाणपत्र।

(ञ) द्वितीय श्रेणीमा बढुवाका लागि उम्मेदवार हुनेहरुले अस्थायी सेवा गरेको भए सो को नियुक्ति पत्र, सरुवा पत्र र सेवा निरन्तरता सिफारिस पत्र।

(ट) उच्च प्राथमिक शिक्षक तथा प्राथमिक शिक्षक द्वितीय श्रेणीबाट निम्नमाध्यमिक शिक्षक तृतीय श्रेणीमा र निम्नमाध्यमिक द्वितीय श्रेणीबाट माध्यमिक शिक्षक तृतीय श्रेणीमा पदस्थापन भएको भए सो को प्रमाणित प्रतिलिपि।

(ठ) दलित र अपाङ्गता भएका उम्मेदवारले सो सम्बन्धी आधिकारिक निकायबाट प्रमाणित कागजात।

(ड) उपर्युक्त कागजातहरूको पछाडि उम्मेदवार स्वयंले प्रमाणित गरी पेश गर्नु पर्नेछ।

**१२. थप जानकारी**

(क) बढुवाको प्रतिस्पर्धा सम्बन्धीत जिल्लास्तरमा हुनेछ।

(ख) उम्मेदवारले जुन जिल्लाको बढुवाको लागि प्रतिस्पर्धा गरेको हो, निजले बढुवा नियुक्ति पाउने भएमा सोही जिल्लामा सिफारिस गरिनेछ।

(ग) नोकरीको जेष्ठता २०८० चैत्र मसान्त र शैक्षिक योग्यता तथा तालिमको मूल्याङ्कन दरखास्त दिने अन्तिम मितिसम्म मात्र गणना हुनेछ।

(घ) संविधान, ऐन, नियमहरू परीक्षाको मितिभन्दा तीन महिना अगाडि संशोधन भई हटाइएको वा थप गरी कायम राखिएको भए यस परीक्षाको पाठ्यक्रममा समावेश भएको सम्झनु पर्नेछ।

(ङ) रीतपूर्वक तोकिए बमोजिमको आवश्यक कागजातहरू आवेदन फारामसाथ संलग्न नगरेको खण्डम दरखास्त स्वीकृत हुनेछैन।

(च) पाठ्यक्रम आयोगको वेबसाइट www.tsc.gov.np बाट डाउनलोड गरी प्राप्त गर्न सकिनेछ।

नेपाल सरकार
शिक्षक सेवा आयोग
सानो ठिमी, भक्तपुर
२०५६

उप-सचिव